**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १२ गते**
गण्डकी प्रदेशमा वैशाख १२ गते २० जनाको नमूना सङकलन गरी परीक्षणको लागि पठाइएको छ । प्रदेशमा हालसम्म कुल ५ सय ६४ जनाको नमूना परीक्षण भएको छ । जसमा ५ सय ४० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने २२ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । बागलुङ जिल्लाका दुई जना सङक्रमित मध्ये एक जना घर फर्किसक्नु भएको छ भने अर्को एक जनाको वैशाख १२ गते गरिएको स्वाब पुनः परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । उनी पनि डिस्चार्ज भएको बताइएको छ ।
वैशाख १२ गते सम्म प्रदेश भरी ४ हजार ८ सय ७१ जनाको र्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोदविन्दु शर्माले जानकारी दिनुभएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङकी कोरोना सङक्रमित १९ वर्षीया युवतीको कोरोना परीक्षणको छैठौं रिपोर्ट पनि नेगेटिभ आएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंले जानकरी दिनुभयो । युवतीको अवस्था सामान्य भए पनि यस अघिको चार ओटा स्वाब परीक्षणको रिपोर्ट पोजेटिभ आएको थियो । उनी डिस्चार्ज भएको बताइएको छ ।
उनी चैत्र ४ गते बेल्जियमबाट कतार एयरवेजको विमान हुँदै नेपाल फर्किएकी थिइन् । त्यही क्रममा उनलाई चैत्र १५ गते कोरोना सङक्रमणको पुष्टि भएको थियो ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा वैशाख १२ गते सम्म ७ सय २४ जनाको र्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । यस्तै १ सय ७९ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय ५९ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने २० जनाको नतिजा आउन बाँकी रहेको छ ।
पोखरा महानगरपालिकाले स्थापना गरेको राहत कोषमा वैशाख १२ गतेसम्म ४ करोड ७ लाख ३३ हजार ४ सय ९ रुपियाँ जम्मा भएको छ । मेयर मानबहादुर जिसीका स्वकीय सचिव लक्ष्मण तिमिल्सिनाका अनुसार महानगरपालिकाले तीन जनासम्म सदस्य भएको ९ हजार ८ सय १९ परिवार र तीन भन्दा बढी सदस्य भएका १० हजार ८ सय ३३ परिवारलाई राहत वितरण गरिसकेको छ । उहाँले बाँकी ९ हजार ८ सय परिवारलाई महानगरपालिकासँग समन्वय गरेर विभिन्न संघसंस्थाले राहत बाँड्को जानकारी दिनुभएको छ ।
यस्तै पोखरा महानगरस्तरीय मानवअधिकार समूह सदस्य निर्मला अर्यालको पहलमा वडा नम्बर ७ का विपन्न परिवारका ६ जनालाई राहत वितरण भएको छ । अर्यालले पोखरा वडा न ७ मासबारमा बस्ने मजदुरहरूलाई वडासँग समन्वय गरी राहत प्रदान गरिएको जानकारी दिनुभयो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार कोरोना भाइरस रोकथामका लागि सरकारले लकडाउन घोषणा गरेसँगै भूकम्पपछिको पुनर्निर्माण रोकिएको छ । भूकम्पपछिको पुनर्निर्माणका लागि बाँके, बर्दिया, कैलाली लगायतका जिल्लाबाट आएका मजदुरहरू घर फर्किएका छन् । निर्माण सामग्री ढुवानी नहुँदा पनि पुनर्निर्माण रोकिएको पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय गोरखाका प्रमुख रामशरण आचार्यले बताउनुभयो । भूकम्प गएको पाचँ वर्षमा ८६ प्रतिशत निजी आवासको पुनर्निर्माण सकिएको छ । इकाइका अनुसार

६६ हजार आठ सय ११ पुनर्निर्माण तर्फको लाभाग्राही मध्ये ५७ हजार ५ सय ८ घर निर्माण सकेका छन् ।
वैशाख १२ गते गोरखा अस्पतालमा दुई जनाको ऱ्यापीड टेष्ट भएको र दुवैको रिपोर्ट नेगेटिभ आएको छ । गोरखा अस्पतालमा हाल सम्म १ सय ३५ पुरूष र ३५ महिला गरी १ सय ७० जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको गोरखा अस्पतालका सूचना अधिकारी कृष्ण ढकालले बताउनुभयो । उहाँले एक महिनाको अवधिमा १३ जनाको स्वाब परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको बताउनुभएको छ । उहाँले परीक्षणको लागि पठाइएको सबै नमूनाको रिपोर्ट नेगेटिभ आएको जानकारी दिनुभएको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख १२ गते थप ३१ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ८ सय २३ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ भने सबैको रिपोर्ट सामान्य देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो ।
कावासोती  नगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष यम प्रसाद काफ्लेले केहि अनाधिकारिक व्यक्तिहरूले वडासँग समन्वय नगरेर मुसहर बस्तीमा राहत वितरण गरेको गुनासो गरेका छन् । उहाँले ती व्यक्तिहरूले स्थानीय स्तरमा यस बारेमा प्रचार गरेको बताएका छन् । सरकारले एकद्वार प्रणालीबाट मात्र राहत वितरण गर्ने निर्णय गरेपनि उनीहरूले वडाको समन्वय बिना गरेको सो कार्यले एकद्धार प्रणालीबाट हुने राहत वितरणलाई असर पारेको काफ्लेले बताउनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पाचँ गाउँपालिका र दुई नगरपालिका रहेको पर्वत जिल्लाले बनाएको राहत वा प्रकोप व्यवस्थापन कोषमा कुल २ करोड ४१ लाख ५० हजार रुपियाँ जम्मा थियो । त्यसबाट राहतका लागि १ करोड १९ लाख ७५ रुपियाँ खर्च भइसकेको छ ।
सङकटको सुरूवाती अवस्थामै कोषमा जम्मा भएको कुल रकमको झन्डै ५० प्रतिशत खर्च भइसकेको छ । कोषमा स्थानीयतहहरू आफैंले जम्मा गरेको रकमबाहेक गण्डकी प्रदेश सरकारले जिल्लाका प्रत्येक गाउँपालिकालाई ५ लाख रुपियाँ र नगरपालिकालाई १० लाख रुपियाँ गरी ४५ लाख रुपियाँ दिएको छ । स्थानीयतहहरूमा निर्माण गरिएका क्वारेण्टाइन स्थल र तिनीहरूको व्यवस्थापनका लागि खर्च भएको रकम पनि यही कोषबाट प्रयोग हुने स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतहरूले बताएका छन । उनीहरूका अनुसार अब सङकट बढे राहत कोषमा रकम जम्मा कसरी गर्ने ? र समस्या परेकाहरूलाई पुनः खाद्य सामग्री कसरी दिने भन्ने कुनै योजना छैन ।
पर्वतका स्थानीयतहमा ६ हजार ९ सय ९७ परिवारलाई राहत वितरण गरिएको छ । कुश्मा नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा नगरले विनियोजन गरेको ५० लाख रुपियाँ तथा अन्य संघसंस्था र व्यक्ति तथा कर्मचारीहरूबाट २१ लाख  रुपियाँ गरी कुल ७१ लख रुपियाँ सङ्कलन भएको थियो ।
फलेवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम रिजालका अनुसार कोषमा जम्मा भएको ६२ लाख रुपियाँबाट २२ लाख रुपियाँ मूल्य बराबरको राहत सामग्री वितरण गरिएको छ ।

पैयुँ गाउँपालिकाले रकमान्तर गरी छुट्याएको २५ लाख रुपियाँ बाहेक अरूबाट कोषमा रकम जम्मा भएको छैन । सोहि रकमबाट झन्डै २३ लाख मूल्य बराबरको खाद्यान्न बाँड्दा २ लाख रुपियाँ बचतमा छ ।
यसैगरी महाशिला गाउँपालिकाको कोषमा रहेको १० लाख रुपियाँबाट ७ लाख २६ हजार रुपियाँ राहतमा खर्च भइसकेको छ ।
बिहादी गाउँपालिकाको कोषमा रहेको १५ लाख रुपियाँबाट ९ लाख रुपियाँ खर्च हुँदा ६ लाख रुपियाँ बचेको छ । मोदी गाउँपालिकाले १५ लाख रुपियाँ बराबरको राहत सामग्री बाँड्दा १० लाख रुपियाँ बाँकी रहेको छ भने जलजला गाउँपालिकाले १६ लाख ५० हजार रुपियाँ बराबरको खाद्यान्न १ हजार ६६ परिवारलाई बाँड्दा कोषमा १७ लाख रुपियाँ बाँकी छ ।
सदरमुकाम समेत रहेको कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पंगेनीले थप सङकट बढेमा त्यसका लागि राहत सङकलन कसरी गर्ने भन्नेबारे अहिले नै योजना नरहेको बताउनुभयो । लकडाउन लम्बिए प्रकोप व्यवस्थापन कोषमा थप स्रोतको व्यवस्थापन गर्नुपर्ने हुनसक्ने उहाँले जानकारी दिनुभयो ।
अन्य स्थानीयतहहरूका प्रतिनिधिहरूले पनि कोरोनाका कारण थप सङकट उत्पन्न भएमा आवश्यक खाद्यान्न व्यवस्थापनको कुनै योजना बनाइसकेका छैनन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख १२ गते सम्म ४ सय ९२ पुरूष र ७१ जना महिला गरी ५ सय ६३ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको छ । स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका सबैको रिर्पोट नेगेटिभ आएको छ ।
यसैगरि तनहुँमा वैशाख १२ गते थप १४ जना क्वारेण्टाइनमा बसेका छन् । व्यास नगरपालिकामा १० जना र बन्दिपुर गाउँपालिकामा चार जना स्थानीयतहले निर्माण गरेका क्वारेण्टाइनमा बसेका छन् । व्यास नगरपालिकाले हालै भारतबाट आउने १० जना भारतीय नागरिकलाई व्यास नगरपालिका-४ को मदर्सा प्राविमा निर्माण गरिएको क्वारेण्टाइनमा राखेको छ ।
बन्दिपुर गाउँपालिकाले हालै सर्लाही जिल्लाबाट आएका आयुर्वेद कार्यालय बन्दिपुरका कर्मचारीको परिवारका चार जना सदस्यलाई बन्दिपुर बजारमा रहेको रत्नराज्य लक्ष्मी आधारभुत विद्यालयमा निर्माण गरिएको क्वारेण्टाइनमा राखिएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ । क्वारेण्टाइनमा बस्ने सबैको १४ दिन पुगेपछि स्वास्थ्य परीक्षण गरेर मात्र बाहिर पठाइने स्वास्थ्य कार्यालय तनहुँका प्रमुख अधिकारीले बताउनुभयो ।
जिल्ला प्रशासन कार्यालय तनहुँले वैशाख ११ गते लकडाउनको अवधिमा अन्य जिल्लाबाट तनहुँ जिल्लामा प्रवेश गरेका सबै व्यक्तिहरूलाई सम्बन्धित स्थानीयतहले नै पहिचान गरी अनिवार्य १४ दिन क्वारेण्टाइनमा राख्न अनुरोध गरेको थियो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ११ गते राति गाडीमा काठमाडौंबाट म्याग्दी आएका ३१ जनालाई स्थानीयतहमा बनाइएका क्वारेण्टाइनमा राख्न थालिएको छ । म्याग्दीमा हाल १८ महिला र ४४ पुरूष गरी ६२ जना क्वारेण्टाइनमा रहेका छन् । त्यसै गरी घाँसाका स्थानीयवासीहरूले मुस्ताङ हुँदै डोल्पा जान आएका ३५ जनालाई घाँसाबाटै पोखरा तर्फ फिर्ता पठाएका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख १२ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ४८ जनाले सेवा लिएका छन् । मध्यनेपाल नगरपालिकाको क्वारेण्टाइनमा थप आठ जना लाई राखिएको छ भने क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनबाट ३ जना घर फर्केका छन् । यसका साथै अहिले  क्वारेण्टाइनमा बस्ने ६८ जना रहेका छन् । वैशाख १२ गते थप १०० थान आरडीटी किट स्वास्थ्य कार्यालय लमजुङलाई प्राप्त भएका छन् । हालसम्म जिल्लामा २ सय ४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । जिल्ला प्रवेश गर्ने सवारी साधनलाई जिल्लाको नाका मानिने पाउँदीमा सेजेटाइजर स्प्रे गरेपछि मात्र जिल्लामा आउन दिइएको छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**